प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान,
योजना तथा अनुगमन शाखा
प्रदेश नं. ५, नेपाल
फोन नं. ०८६।४६०२९० ०८६।४६०२९१
e-mail : pyuthannagarpalika@gmail.com
website : pyuthanmun.gov.np

पत्र संख्या : २०७५/०७६

चलानी नं.

मिति : २०७५।८।१३

## तरकारी मण्डी र बधशाला निर्माणको लागि जग्गा भाडामा लिने बारेको सूचना ।

प्रस्तुत विषयमा प्यूठान नगरपालिकाको तेश्रो नगरसभाको निर्णयानुसार प्यूठान नगरपालिका वडा नं. ४ मा आधुनिक पशु बधशाला तथा विक्री, वितरण केन्द्र स्थापना प्यूठान नगरपालिका वडा नं. ७ मा तरकारी मण्डी निर्माणको लागि जग्गा भाडामा लिनु पर्ने भएकोले तपशिलको शर्तमा रही इच्छुक व्यक्तिले प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिन भित्र सिलवन्दी निवेदन र माग गरिएका आवश्यक कागजातहरु प्यूठान नगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक जग्गाका शर्तहरु (पशु बधशालाको लागि)**

- जग्गा प्यूठान नगरपालिका वडा नं. ४ को जुमृ आसपासको क्षेत्र भित्र हुनुपर्नेछ ।
- जग्गाको क्षेत्रफल न्यूनतम १.५ रोपनी हुनु पर्नेछ ।
- जग्गा उपलब्ध गराउँदा कम्तीमा १० वर्ष अवधिको लागि भाडामा उपलब्ध गराउनु पर्नेछ ।
- भाडाको रकम प्रत्येक ५ वर्षमा दुवै पक्षको सहमतिमा अध्यावधिक गर्न सकिने छ । भाडा सम्वन्धी दररेट पेश गर्दा प्रति रोपनी प्रति वर्ष दररेट उल्लेख गर्नु पर्नेछ ।
- जग्गा सडकको पहुँच भएको स्थानमा हुनु पर्नेछ ।
- बधशाला निर्माणको लागि निर्माण हुने अस्थायी संरचनाहरु कार्यालयको स्वामित्वमा रहने गरी संवन्धित कार्यालयले निर्माण गर्ने छ । सम्वन्धित जग्गा धनीले उक्त कार्यको लागि वाधा पुर्‍याउन पाइने छैन ।

**आवश्यक कागजातहरु**

- ट्रेस नक्सा / ब्लु प्रिण्ट नक्शा ।
- जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिप ।
- जग्गा धनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- मालपोत कर तिरेको रसीद/ गुठीको रसीद ।
- पारिवारिक सहमतिको लिखित सहमति पत्र ।

खिम बहादुर रायमाझी

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान,
योजना तथा अनुगमन शाखा
प्रदेश नं. ५, नेपाल

फोन नं. ०८६।४६०२९०
०८६।४६०२९१
e-mail : pyuthannagarpalika@gmail.com
website : pyuthanmun.gov.np

पत्र संख्या : २०७५/०७६

चलानी नं.

**आवश्यक जग्गाका शर्तहरु (तरकारी मण्डी निर्माण लागि)**

- जग्गा प्यूठान नगरपालिका वडा नं. ७ को वाग्दुला क्षेत्रको आसपास भित्र हुनु पर्नेछ ।
- जग्गाको क्षेत्रफल न्यूनतम २ देखि ३ रोपनी हुनु पर्नेछ ।
- जग्गा उपलब्ध गराउँदा कम्तीमा १५ वर्ष अवधिको लागि भाडामा उपलब्ध गराउनु पर्नेछ ।
- भाडाको रकम प्रत्येक ५ वर्षमा दुवै पक्षको सहमतिमा अध्यावधिक गर्न सकिने छ । भाडा सम्वन्धी दररेट पेश गर्दा प्रति रोपनी प्रति वर्ष दररेट उल्लेख गर्नु पर्नेछ ।
- जग्गा सडकको पहुँच भएको स्थानमा हुनु पर्नेछ ।
- तरकारी मण्डी निर्माणको लागि निर्माण हुने अस्थायी संरचनाहरु कार्यालयको स्वामित्वमा रहने गरी संवन्धित कार्यालयले निर्माण गर्ने छ । सम्वन्धित जग्गा धनीले उक्त कार्यको लागि वाधा पुर्‍याउन पाइने छैन ।

**आवश्यक कागजातहरु**

- ट्रेस नक्सा / ब्लु प्रिण्ट नक्शा ।
- जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।
- जग्गा धनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- मालपोत कर तिरेको रसीद/ गुठीको रसीद ।
- पारिवारिक सहमतिको लिखित सहमति पत्र ।

.............................
खिम वहादुर रायमाझी
प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर रायमाझी
प्रमुख प्रशासकीय अधिकृत
(रा.प. द्वितीय श्रेणी)